# माया खोला हाइड्रोवापर कम्पनी लिमिटेडको छैठौं, सातौं तथा आठौं वार्षिक साधारणसभा

साधारणसभा स्थल : धुम्र वाराह भेन्यु, धुम्बाराही काठमाण्डौं ।

साधारणसभाको मिति : २०८२ जेठ २३ गते, शुक्रबार (06th June 2025, Friday)

समय : बिहान ठीक ११:०० बजे,

यस माया खोला हाइड्रोवापर कम्पनी लिमिटेडको छैठौं, सातौं तथा आठौं वार्षिक साधारणसभा यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष दिनेश प्रसाद श्रेष्ठज्यूको सभापतित्वमा २०८२ जेठ २३ गते, शुक्रबार (06th June 2025, Friday) बिहान ११:०० बजे उद्घाटन पश्चात उक्त साधारण सभा सम्पन्न भई निम्न बमोजिमको निर्णय (माइन्यूट) अभिलेख रह्यो ।

१. **सभाको सूचना जारी :**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सञ्चालक समितिको मिति २०८२/०१/३१ मा बसेको सञ्चालक समितिको बैठकले यस लिमिटेड.को छैठौं, सातौं तथा आठौं वार्षिक साधारणसभा मिति २०८१ असार ०३ गते शुक्रबार बिहान ११:०० बजे बस्ने भनी निर्णय भएअनुसार कम्पनी ऐन, ६७ (२) को व्यवस्था यस कम्पनीको सभा सम्बन्धी सूचना सबै शेयरधनी महानुभावहरुलाई विधुतिय माध्यम, कम्पनीको वेवसाईट र सूचनापाटीमा टाँस गर्नुको साथै राष्ट्रिय दैनिक पत्रिका नयाँ पत्रिकामा प्रथम पटक मिति २०८२/०२/१ गते र दोस्रो पटक मिति २०८२/०२/१७ गते सूचना प्रकाशित गरि उपस्थितिको लागि अनुरोध गरिएको थियो ।

२. **रजिष्ट्रेशन :**

कम्पनीको तर्फबाट उक्त साधारण सभाको हलमा कम्पनीका आगन्तुक शेयरधनीहरुलाई रजिष्ट्रेशन स्थलमा कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स् क्यापिटल लिमिटेडका कर्मचारीहरुले रजिष्ट्रेशन गरी सभाको कार्य तालिका, साधारणसभाका एजेण्डा, लेखापरीक्षण प्रतिवेदन समेत संलग्न रहेको कम्पनीको तर्फबाट तयार पारिएको वार्षिक प्रतिवेदन सहित साधारण सभासंग सम्बन्धित विवरण प्रत्येक शेयरधनीहरुलाई उपलब्ध गराई सभाहलमा उपस्थिति जनाईएको थियो । सभामा उपस्थितिको हाजिरी पुस्तिका यसैसाथ संलग्न गरि पेश गरिएको छ ।

नबिन बर्मा
कम्पनी सचिब

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

यसरी धुम्र बाराह भेन्यु, धुम्बाराही काठमाण्डौंमा यस कम्पनीको संयुक्त बार्षिक साधारणसभा हुन गईरहेको हुँदा उद्घोषक अधिवक्ता सन्तोष कुमार भट्टराईले आजको बार्षिक साधारणसभाको निर्धारित समय तालिका बमोजिमको कम्पनीका संस्थापक सदस्य तथा निबर्तमान अध्यक्ष श्री बिजयमान शेरचनज्यू, कम्पनीका अध्यक्ष श्री दिनेश प्रसाद श्रेष्ठज्यू लगायत सञ्चालकज्यूहरु श्री विनोद थकाली, श्री रमेश राज सिवाकोटी, श्री हेमनिधी शर्मा र कम्पनीका अन्य पदाधिकारीज्यूहरुलाई ड्यासमा आमन्त्रण गरी उद्घाटन सत्रको कार्यक्रम विधिवत रुपमा सुचारु भएको घोषणा उद्घोषकज्यूले सभालाई गराउनु भयो ।

यसरी आसन ग्रहण पश्चात राष्ट्रिय धुन मार्फत विधिवत कार्यक्रमको सुरुवात भएको घोषणा सभालाई गराए पश्चात यस माया खोला हाइड्रोवापर कम्पनी लिमिटेडमा संस्थापक सदस्य तथा निबर्तमान अध्यक्ष श्री बिजयमान शेरचनज्यूले पानसमा दिप प्रज्वलन गर्दा उपस्थित सबै महानुभावहरुले खुसी व्यक्त गर्दै तालिले स्वागत गर्नुभयो ।

तत्पश्चात अध्यक्षज्यूले सभापतित्व ग्रहण गरे पश्चात ब्याच वितरण गरी औपचारिक रुपमा बार्षिक साधारणसभाको कार्यक्रम सुरुवात भएकोले आजको यस छैठौं, सातौं तथा आठौं बार्षिक साधारणसभामा स्वागत मन्तव्य राख्नका लागि आयोजनका संयोजक श्री भरत लामिछाने थापाज्यूलाई कार्यक्रम प्रस्तोताज्यूले ड्यासमा आमन्त्रण गरी माया खोला हाइड्रोवापर कम्पनी लिमिटेड तर्फबाट यावत गतिविधीहरुको साथै संक्षिप्त रुपमा स्वागत मन्तव्य राख्नको लागि अनुरोध गर्नुभयो ।

३. स्वागत मन्तव्य :

कार्यकारी प्रमुख श्री भरत लामिछाने थापा :-

आयोजनका संयोजक श्री भरत लामिछाने थापाज्यूले आजको बार्षिक साधारणसभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, र कम्पनीको निमन्त्रणालाई स्विकारी पाल्नुभएका सम्पूर्ण नियमक निकाय, हाइड्रोपावरसँग सम्बद्ध पदाधिकारीज्यूहरु र कम्पनीमा कार्यारत कर्मचारी साथीहरु समेतमा म माया खोला हाइड्रोपावरको यो आजको बार्षिक साधारणसभामा स्वागत गर्न चाहन्छु । बिभिन्न समस्याहरुको

नबिन बर्मा
कम्पनी सचिव

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

बाबजुद पनि यस कम्पनीले निमार्ण गरेको संखुवासभा स्थित यस प्रोजेक्टमा सम्पुर्ण प्रकृया सम्पन्न पश्चात हाल नेशनल ग्रिडमा लाईन जोडी व्यवसायिक उत्पादन शुरु गरीसके पश्चात साधारणसभा हुन गईरहेको परिवेश हाल बिद्यमान छ । यसरी कम्पनी भित्रका याबत गतिबिधिहरु आजको साधारणसभामा छलफल गरी सम्पुर्ण प्रस्तावहरु पारित नहुन्जेलसम्म यहाँहरुको उपस्थिती र रचनात्मक सुझावको अपेक्षा गर्दै पुनः सबैमा स्वागत गर्दै बिदा हुन्छु ।

यसरी आजको एजेण्डाहरुको सुचीको जानकारी सुरुवात कै क्रममा कार्यक्रम प्रस्तोताले आजको साधारणसभाबाट निर्णय गर्नुपर्ने छलफलका विषयहरु माथि साधारणसभाको ध्यान केन्द्रीत गर्नुभयो ।

## ४. छलफलका विषयहरु :-

१) आ.व.२०७८/०७९, २०७९/०८० र आ.व.२०८०/०८१ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।

२) आ.व.२०७८/०७९, २०७९/०८० र आ.व.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्नुका साथै सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षको नियुक्ती एवं अनुमोदनको सम्बन्धमा ।

३) आगामी आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

४) संस्थापक र सर्व साधारणको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक समितिको निर्वाचनको सम्बन्धमा ।

५) विविध ।

## ५. सभाको बैधानिकता

यस माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडको बाँडफाँड भएको शेयरको करिब ६१% शेयरधनीहरु स्वयं एवं प्रोक्सी मार्फत उपस्थित हुनु भएको हुँदा नियमावलीको दफा २३ अनुसार साधारण सभा गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न बैधानिक भएको जानकारी कानूनी प्रतिनिधि एवम् कार्यक्रम सञ्चालकज्यूले गराए पश्चात आजको यस छैठौं, सातौं तथा आठौं बार्षिक साधारणसभाबाट देहायका विषयहरुमा शेयरधनीहरुको ध्यान केन्द्रीत गरी निर्णयमा पुग्नको लागि साधारणसभामा निम्न बमोजिमका प्रस्तावहरु रहेभएको कुराको जानकारी सभालाई गराउनु भयो ।

नबिन बर्मा
कम्पनी सचिव

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

६. पारित निर्णयहरू

१. यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री दिनेश प्रसाद श्रेष्ठज्यूले प्रस्तुत गर्नुभएको आ.व. आ.व.२०७८/०७९, २०७९/०८० र आ.व.२०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदनउपर छलफल हुँदा उक्त प्रतिवेदन मनासिब भएकोले पारित गर्ने निर्णय गरियो ।

२. कम्पनीका तर्फबाट नियुक्त लेखा परिक्षकद्धारा तयार पारिएको आ.व.२०७८/०७९, २०७९/०८० र आ.व.२०८०/०८१ को सम्पूर्ण वित्तीय विवरण तथा आर्थिक प्रतिवेदन सभा समक्ष बार्षिक प्रतिवेदन मार्फत प्रेषित गरिएकोले सभा समक्ष पेश भएको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण समेतमा आ-आफ्नो राय, प्रतिक्रिया, तथा सुझाव भएमा क्रमश नाम टिपाई सभा समक्ष राख्नको लागि उद्घोषकज्यूले जानकारी गराउनु भयो ।

यसरी प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, एकीकृत आय व्यय हिसाब, नगद प्रवाह विवरण तथा, वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव लिखित रुपमा समेत पेश गर्नु भएको थियो ।

| क्र.स. | नाम | क्र.स. | नाम |
|---|---|---|---|
| १. | श्री जग्गनाथ आचार्य | ५. | श्री चन्द्र नारायण श्रेष्ठ |
| २. | श्री गोबिन्द बहादुर के.सी. | ६. | श्री ब्रम्हदेब शाक्य |
| ३. | श्री ईन्द्र प्रसाद लामिछाने | ७. | श्री युगल बस्नेत |
| ४. | श्री निरुपमा गुप्ता | | |

**छैठौं, सातौं तथा आठौं बार्षिक साधारणसभामा उपस्थित शेयरधनीहरुले समग्रमा देहायका बिषयहरुमा बोर्डको ध्यान केन्द्रित गर्दै मन्तव्य, सुझाव तथा जिज्ञासाहरु राख्नुभएको थियो:-**

१) कम्पनीको प्रमुख आर्थिक सूचकांक सकारात्मक रहे भएता पनि कम्पनीले तिर्नु बुझाउनु पर्ने लोनको मात्रा ठूलो रहेकोले तत्कालै शेयरधनीहरुले लाभांश पाउने परिस्थिती नदेखिएकोले बोर्डको तर्फबाट अन्य गतिबिधिहरु अगाडी बढाउनुपर्ने ।

नविन वर्मा
कम्पनी सचिव

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

२) आर्थिक प्रतिबेदन अब उप्रान्त ठूल-ठूलो अक्षरमा सबैले देख्ने बुझ्ने र हाल बैंकको लोन सस्तो भएकोले त्यो सुविधा लिई कम्पनी सञ्चालन गर्दा ठूलो धनराशि संचित हुने ।

३) लगानी विविधिकरण गरी उच्च प्रतिफल प्राप्त गर्न लगानी सम्बन्धी निति, योजना र कम्पनी भित्रका गतिबिधिहरुमा सुशासन प्रत्याभुति हुने गरी बोर्डले काम गर्नु पर्ने।

४) आगामी वार्षिक साधारणसभा पौष मसान्तभित्र नै गर्न सुझाव दिइएको, त्यसैगरी भर्खरै मात्र व्यवसायिक उत्पादन शुरुभएकोले कम्पनीले शेयरधनीलाई लाभांश दिन नसक्ने हुंदा आगामी दिनहरुमा खस्कीएको नेटवर्थलाई सकारात्मक बनाउन लागि ध्यान पुगोस ।

६) लिखित सुझाव दिनुहुने शेयरधनी मानुभावहरु, त्यसैगरी आजको सभामा बिबिध कोणबाट मुल्याङ्कन गरी दिएका सकारात्मक सुझावहरुलाई बोर्डले मनन् गरोस भनी माथिका विषयवस्तुमा केन्द्रित रही मन्तव्य राख्नु भयो ।

७) कम्पनीको समग्र यथाँस्थितीको समिक्षाको क्रममा शेयरधनी श्री ब्रम्हदेव शाक्य र शेयरधनी श्री युगल बस्नेतज्यूले कम्पनी भित्रका सुशासनलाई सदैव ख्याल गरी बोर्डको तर्फबाट कम्पनी सञ्चालन गर्नु पर्ने, भर्खरै व्यवसायिक उत्पादन भएको कम्पनी भएकोले लाभांश दिन सक्ने स्थिती देखिदैन ।

तर कम्पनी भित्रका हरेक गतिबिधीमा कम्पनीको ख्यातीलाई ख्याल गर्दै कम्पनीका मेसिन ईक्युपमेण्ट खरिदका बखत पारदर्शी तरिका अपनाई कम्पनी सञ्चालन गरेमा अबस्यनै हामी शेयरधनी लाभान्वित हुने हुंदा व्यवस्थापनबाट कहिले तिर कति फाईदा शेयरधनीले पाउँछन त्यस तर्फ सिंङ्गो बोर्डको ध्यानसमेत जावस् र सबै शेयरधनीलाई सहज रुपमा यातायातका साधन पुग्ने स्थानमा अबका साधारणभा सञ्चालन होस् ।

३. यस कम्पनीको आगामी आ.व.२०८१/०८२ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने सम्वन्धमा छलफल हुँदा आगामी आ.ब.२०८१/०८२ को लागि लेखापरीक्षकमा चार्टर्ड एकाउन्टेन्ट M Tiwari & Associcates ज्यूलाई नियुक्त गर्ने र निजको वार्षिक पारिश्रमिक VAT बाहेक रु. ३,००,०००।-(अक्षेरुपी तीन लाख रुपैयाँ) तय गर्ने निर्णय पारित गरियो ।

४. यस कम्पनीको सञ्चालक समितिको गठन एवम् पदावधि निर्धारण गर्ने विषयमा प्रवेश गर्नुपूर्व बन्द सत्रको कार्यक्रम अन्त भएको घोषणा अध्यक्षज्यूले साधारणसभालाई गराउँनु भयो ।

............................
नबिन बर्मा
कम्पनी सचिव

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष

तत्पश्चात, कार्यक्रम सञ्चालकज्यूले आजको नियमित ऐजेण्डा एवम् सञ्चालकहरुको निर्वाचन प्रयोजनको बोर्डको तर्फबाट भए गरेका कार्यहरुको चर्चा गर्दै निवार्चनसँग सम्बन्धीत सम्पूर्ण प्रकृया एवम् गतिविधीहरुको जानकारीको सहितको संक्षिप्त बिवरण राख्नको लागि निवार्चन अधिकृत अधिवक्ता श्री धिरज धिमिरेज्यूलाई आह्वान गरे पश्चात निवार्चन अधिकृतज्यूले सो शिलशिलामा भए गरेका कार्यहरुको विवरण सभामा जानकारी गराउँनु भयो।

यसरी, सर्वसम्मत रुपमा तोकिएका सिटहरुमा संस्थापक समूहबाट ४ जना र सर्वसाधारण समूहबाट २ जना सञ्चालकहरु निर्विरोध भएको घोषणा गराउनुभयो ।

| संस्थापक समूहबाटः- | सर्वसाधारण समूहबाटः- |
| --- | --- |
| १. श्री दिनेश प्रसाद श्रेष्ठ<br>२. श्री हेमनिधि शर्मा<br>३. श्री रमेस राज सिबाकोटी<br>४. श्री सोहन सुन्दर श्रेष्ठ | १. श्री अनिल शर्मा<br>२. श्री सुरक्षा श्रेष्ठ |

तत्पश्चात, बडो रोचकताका साथ सबै निर्विरोध निवाचित पदाधिकारीहरुलाई ड्यासमा आमन्त्रण गरी निबर्तमान अध्यक्ष श्री विजयमान शेरचनज्यूले खादा लगाई स्वागत गर्नुभयो भने निवार्चन अधिकृत श्री धिरज घिमिरेज्यूले प्रमाण-पत्र प्रदान गर्नुभएको थियो । साथै उद्घोषकज्यूले बडो उत्साहका साथ बोर्डमा प्रतिनिधित्व गर्ने नयाँ चेहराहरुलाई आफ्नो संक्षिप्त परिचय र अनुभव क्रमशः राख्नको लागि अनुरोध गर्दा संस्थापक समूहबाट श्री सोहन सुन्दर श्रेष्ठज्यूले र सर्वसाधारण समूहबाट श्री अनिल शर्माज्यूले र श्री सुरक्षा श्रेष्ठज्यूले धारणा राख्नुभयो ।

५) आजलाई पारित गर्नुपर्ने अन्य प्रस्तावहरू केही नभएकोले उपस्थितिका निम्ति उद्घोषकज्यूबाट सबैमा धन्यवाद ज्ञापनका साथ अब खाजाको कार्यक्रम रहेकोले सोमा सरिक हुन अनुरोध गर्दै यस बार्षिक साधारणसभा सफल रुपमा समापन भएको घोषणा गरियो ।

..................
नबिन बर्मा
कम्पनी सचिव

दिनेश प्रसाद श्रेष्ठ
अध्यक्ष